आज मिति २०७९ जेठ १६ गतेका दिन यस नगरपालिका नगर कार्यपालिकाको प्रथम बैठक नगर प्रमुख श्री गौरी सिंह रावल ज्यू को अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिती

| सि.नं. | नाम , थर | पद | मोबाईल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री गौरी सिंह रावल | नगर प्रमुख | ९८६५८७२६४४ | |
| २ | श्री कमल सिंह बोहरा अर्पा | नगर उप- प्रमुख | ९८४८८९०५२५ | |
| ३ | श्री तर्क सिंह ठगुन्ना | वडा नं. १ अध्यक्ष | ९८४८८००६५५ | |
| ४ | श्री महेश प्रशाद पन्त | वडा नं. २ अध्यक्ष | ९८४८७१७२३० | |
| ५ | श्री करुणाकर भट्ट | वडा नं. ३ अध्यक्ष | ९८६६४६०६७८ | |
| ६ | श्री दीपक सिंह बिष्ट | वडा नं. ४ अध्यक्ष | ९८४९७१६८७९ | |
| ७ | श्री फुनी बोहरा | वडा नं. ५ अध्यक्ष | ९८६५९५५२४३ | |
| ८ | श्री राजेन्द्र सिंह बिष्ट | वडा नं. ६ अध्यक्ष | ९८४८८०२२८७ | |
| ९ | श्री ललित ब चन्द | वडा नं. ७ अध्यक्ष | ९८६५७५६८४६ | |
| १० | श्री हरि सिंह बिष्ट (हरिष) | वडा नं. ८ अध्यक्ष | ९८४८८३६४४० | |
| ११ | श्री कालु सिंह भाट | वडा नं. ९ अध्यक्ष | ९८५८७५१४२४ | |
| १२ | श्री धन बहादुर कुवर | वडा नं. १० अध्यक्ष | ९८६८७८५३६२ | |
| १३ | श्री पार्वती चन्द | कार्यपालिका सदश्य | ९८४८७१२३८२ | |
| १४ | श्री कलावती ऐर | कार्यपालिका सदश्य | ९८६५६७६८६९ | |
| १५ | श्री जयन्ती कुमारी भाट बिजले | कार्यपालिका सदश्य | ९८४८८५१३५० | |
| १६ | श्री बिमला दमाई | कार्यपालिका सदश्य | ९८६३५७७९८६ | |
| १७ | श्री दीपिका पन्त | कार्यपालिका सदश्य | ९८४८९८७००० | |
| १८ | श्री रमेश राम कोली | कार्यपालिका सदश्य | ९८४८८३५८०० | |
| १९ | श्री खेम राज लुहार | कार्यपालिका सदश्य | ९८६४६००५६६ | |
| २० | श्री दली राम बि.क. | कार्यपालिका सदश्य | ९८४२२३६८९८ | |
| २१ | श्री राजेन्द्र प्रशाद भट्ट | प्र.प्र.अ. सदश्य सचिव | ९८६८७०६४२० | |
| २२ | श्री महेश प्रशाद भट्ट | सुचना प्रबिधि अधिकृत | ९८५८७८३३१० | |
| २३ | दीपक प्रशाद पन्त | ना.सु | ९८४८७१०००८ | |

Scanned by TapScanner

प्रस्तावहरु :

१. मतदातालाइ धन्यबाद सम्बन्धमा ।
२. हेल्पडेस्क स्थापना तथा डिजिटल नागरिक वडापत्र संचालन सम्बन्धमा ।
३. भैसीपालक कृषक हरुको पशु बिमा सम्बन्धमा ।
४. बजार क्षेत्रमा रहेका खोका छाप्राहरुलाई करको दायरामा ल्याउन तथ्यांक संकलन गर्ने सम्बन्धमा
५. प्रत्येक बिद्यालयमा शिक्षाको गुणस्तर सुधार तथा योग शिक्षा लागु गर्ने सम्बन्धमा ।
६. पाटन नगरपालिका भित्र महिनामा १ दिन मुख्य बजारहरुमा हाट बजार संचालन गर्ने सम्बन्धमा ।
७. कार्यालय संचालन तथा फर्निचर खरिद गर्दा स्थानीय उत्पादन लाइ प्राथमिकता दिने सम्बन्धमा ।
८. शव बाहन खरिद गर्ने सम्बन्धमा ।
९. उपभोक्ता समितिको लागत इस्टिमेट नेपालीमा निर्माण गर्ने सम्बन्धमा ।
१०. उपभोक्ता समितिको गठन प्रक्रियामा प्रमुख पदमा महिला लाइ पहिलो प्राथमिकता दिने सम्बन्धमा ।
११. पाटन नगरपालिकाको लोगो निर्माण सम्बन्धमा ।
१२. नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सामुदायिक बिद्यालयमा अंग्रेजी माध्यममा पठन पाठन गर्ने सम्बन्धमा ।
१३. पूर्ण स्वास्थ्य परिक्षण सम्बन्धमा ।
१४. भारतमा जाने कामदारहरुको बिमा गर्ने सम्बन्धमा ।
१५. हावाहुरी बाट क्षति भएका विद्यालय तथा स्वास्थ्य संस्थाहरु को मर्मत सम्बन्धमा ।
१६. वयल चौरामा प्रहरी चौकी स्थापना सम्बन्धमा ।
१७. प्राकृतिक श्रोत साधनको संरक्षण गर्ने सम्बन्धमा ।
१८. टोल भेला सम्बन्धमा ।

Scanned by TapScanner

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा आज मिति २०७९/०२/१६ गते पाटन नगरपालिकाको नगरसभा तथा कार्यपालिकाले पूर्णता पाएकोले यो कार्यमा सहयोग गर्नु हुने पाटन नगर भित्रका सम्पूर्ण नागरिक मतदाता ज्यू हरुलाई धन्यबाद दिने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा पाटन नगरपालिकाको कार्यालय भित्र नागरिक हरुलाइ सेवा प्रवाहमा चुस्त दुरुस्त बनाउनको लागि हेल्पडेस्क स्थापना तथा डिजिटल नागरिक वडापत्र अनिवार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा पाटन नगरपालिकाका अन्तर्गत १० वटै वडाका भैसी पालन गर्ने कृषक हरुलाई भैसी पालन गर्न उत्प्रेरित बनाउनको लागि यस नगरपालिकको सहकार्यमा अनिवार्य पशु बिमा गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगर भित्र बजार क्षेत्रमा रहेका खोका छाप्राहरुलाई अनिवार्य करको दायरामा ल्याउन तथ्यांक संकलन गर्न बिज्ञ समिति गठन गरि कार्यान्वन गराउने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा पाटन नगर भित्रका प्रत्येक बिद्यालयमा योग शिक्षा अनिवार्य रुपमा लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा पाटन नगरपालिका भित्रका मुख्य बजार हरुमा नागरिकहरुको जीवन स्तर लाइ सहज बनाउनको लागि स्थानीय ब्यापारीको सहकार्यमा महिनामा १ दिन अनिवार्य हाट बजार संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा पाटन नगरपालिकामा कार्यालय संचालन को लागि आवस्यक पर्ने सामग्रीहरु तथा फर्निचर खरिद गर्दा स्थानीय उत्पादन लाइ प्राथमिकता दिने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा शव व्यवस्थापन सम्बन्धि नगर भित्रका नागरिक को समस्यालाई मध्य नजर गरि यस नगरपालिकाले शव बाहन खरिद गर्ने र शव व्यवस्थापन गर्नको लागि पाटन नगरपालिका भित्र निशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

Dipika

पार्वती चन्द

विमाल

Scanned by TapScanner

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा पाटन नगरपालिकामा प्रयोग हुदै आइराखेको उपभोक्ता समितिको लागत इस्टिमेट लाइ नागरिकको सहजताका लागि नेपाली र अंग्रेजी दुवै भाषामा तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरभित्र उपभोक्ता मार्फत संचालन हुने योजनाहरुमा उपभोक्ता समितिको गठन गर्ने प्रक्रियामा प्रमुख पदमा महिला लाइ पहिलो प्राथमिकता दिने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा पाटन नगरपालिकाको ऐतिहासिक, प्राकृतिक,सामाजिक,संस्कृतिक एबं अन्य बिशिस्ट पहिचान झल्किने गरि प्रतिस्प्रधात्मक तरिका बाट लोगो तपसिलको सुचकको आधारमा निर्माण गर्ने निर्णय गरियो ।

तपसिल :

- नगरपालिकाको नाम र नेपालको झण्डा अनिवार्य समाबेश हुनुपर्ने
- कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता रास्ट्रिय एकता र अखण्डता आंच आउने संकेत प्रयोग गर्न पाइने छैन
- प्रयोग भएका संकेतहरुको संक्षिप्त ब्याख्या गर्नुपर्नेछ

निर्णय नं. १२ : प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगर भित्रका सामुदायिक बिद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्नको लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम संचालन अन्तर्गत यस शैक्षिक बर्ष बाट संचालन गर्नको लागि नगर भित्रका बिद्यालयमा जनशक्तिको अवस्था लाइ यस नगरपालिकाको शिक्षा शाखा को प्रतिबेदनका आधारमा अंग्रेजी माध्यममा पठन पाठन संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगरभित्र का नागरिकको स्वास्थ्य अवस्थालाई मध्यनजर गरि प्राथमिक स्वास्थ्य केन्द्र पाटन र नगरपालिकाको सहकार्यमा प्रत्येक दिन पूर्ण स्वास्थ्य परिक्षण सेवा संचालन गर्न आवस्यक पहल गर्ने निर्णय गरियो ।

Shagun

Scanned by TapScanner

निर्णय नं. १४ : प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिका बाट बिगत बर्षहरुमा संचालन भै आएको यस नगर भित्रबाट भारतमा जाने कामदारहरुको तथ्यांक संकलन गरि दुर्घटना बिमा गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : प्रस्ताव नं. १५ माथि छलफल गर्दा बिगत केहि दिन अगाडी जेठको महिनामा आएको हावाहुरी बाट यस नगर भित्रका केहि विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा क्षति हुन गएकोले क्षतिको अनुगमन गरि प्राबिधिक इस्टिमेटको लागत को आधारमा मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा नं. १ को क्षेत्रलाइ मध्यनजर गरि वडा नं. १ को वयल चौरामा प्रहरी चौकी स्थापना को लागि जिल्ला सुरक्षा समिति र गृह मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ : प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिका भित्र रहेको सुर्नया नदीमा रहेका प्राकृतिक श्रोत साधनको संरक्षण गर्नको लागि अबैध तरिकाले संकलन भैरहेका ढुंगा, बालुवा ,गिट्टी आजकै मितिबाट अर्को सुचना प्रकाशित नभएसम्म को लागि बन्द गर्ने निर्णय गरियो साथै कुनै व्यक्ति वा संस्था ले अवैध तरिकाले संकलन तथा उत्खनन गरेको पाइएमा नियमानुसार कारवाही गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : प्रस्ताव नं. १८ माथि छलफल गर्दा २०७९/८० को बजेट प्रयोजन तथा योजना बांडफांडको लागि प्रत्येक वडामा टोल भेला मिति २०७९/०३/०५ गते भित्र अनिवार्य रुपमा पाटन नगरपालिकमा पेश गरिसक्ने निर्णय गरियो ।

Dipika पार्वती चन्द

बिमल

Scanned by TapScanner